आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात

(रु. हजारमा)

विवरण	*अपरिष्कृत आ.व. २०७८/७९ पौष मसान्त	प्रक्षेपित		
		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
पूँजी तथा गैर चालु दायित्व				
शेयरधनीको पूँजी	१,३६८,३५८	१,५४७,९८२	१,८०९,५९२	१,८५९,८००
शेयर पूँजी	१,४६२,३७६	१,८२७,९७०	१,८२७,९७०	१,८२७,९७०
शेयर बापत अग्रिम भुक्तानी	-	-	-	-
संचित नाफा/(नोक्सान)	(९४,०१८)	(२७९,९८८)	(१८,३७८)	३१,८३०
कर्जा				
बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा	५,९८०,६६०	५,८७६,२१८	५,७०२,७५८	५,३१३,६५८
गैर चालु दायित्व	-	-	-	-
रिटेन्सन बापतको रकम	३९,८५०	४०,०००	३०,०००	२५,०००
जम्मा पूँजी तथा गैर चालु दायित्व	७,३८८,८६८	७,४६४,२००	७,५४२,३५०	७,१९८,४५८
सम्पत्ति				
स्थिर सम्पत्ति	१२५,७४६	७,३४८,५३३	७,०८५,५४३	६,८२५,५३४
निर्माणधिन परियोजना लागत	७,३२०,७०१	-	-	-
लगानी	-	-	-	-
पेश्की तथा अन्य चालु सम्पत्ति	-	-	-	-
नगद तथा नगद बराबर	८०,५७०	१४५,१२४	२८७,२७५	४१८,१६८
नेपाल विद्युत प्राधिकरण	-	२२२,३१७	२३२,७४३	२३९,४२८
अन्य चालु सम्पत्ति	३७५,९८४	४३,०००	४५,३००	४७,७३०
जम्मा चालु सम्पत्ति	४५६,५५३	४१०,४४२	५६५,३१८	७०५,३२६
न्युनः				
चालु दायित्व	५१४,१३३	२९४,७७५	१०८,५१०	३३२,४०२
खुद चालु सम्पत्ति	(५७,५७९)	११५,६६७	४५६,८०७	३७२,९२४
जम्मा सम्पत्ति	७,३८८,८६८	७,४६४,२००	७,५४२,३५०	७,१९८,४५८

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	*अपरिष्कृत आ.व. २०७८/७९ पौष मसान्त	प्रक्षेपित		
		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
विद्युत बिक्रीबाट आम्दानी	-	३१८,५१९।६९	१,१७७,१९७।६४	१,२११,५६५।९६
ब्याज तथा अन्य आम्दानी	-	-	-	-
जम्मा आय	-	३१८,५१९।६९	१,१७७,१९७।६४	१,२११,५६५।९६
खर्च				
रोयल्टी खर्च	-	७,७२०।३९	२७,१४३।९५	२७,८३१।३२
पेन्ल्टी	-	८५,६५७।९६	-	-
प्रशासनीक खर्च	३५७।२०	२६,४०३।०२	९१,३३२।४४	९२,६०८।०३
ह्रास कट्टी, ब्याज र कर अधिको नाफा	३५७।२०	१९८,७३८।३२	१,०५८,७२१।२४	१,०९१,१२६।६१
ह्रास कट्टी	६२७।००	(११०,७२१)	(२६२,९९०)	(२६०,००९)
ब्याज तथा कर अधिको नाफा	(९८३।७७)	८८,०१७।७९	७९५,७३०।९४	८३१,११७।७७
वित्तीय खर्च	-	(२७४,९७२।००)	(५२८,७८१।५६)	(५००,०९३।८५)
कर अघिको नाफा		(१८६,९५४।२१)	२६६,९४९।३८	३३१,०२३।९२
कर्मचारी बोनस	(९८३।७७)	-	(५,३३९)	(६,६२०)
आयकर व्यवस्था	-	-	-	-
कर पछिको नाफा	-	(१८६,९५४।२१)	२६१,६१०।३९	३२४,४०३।४४
कर पछिको नाफा अल्या	(९८३।७७)	(९३,०३३।८७)	(२७९,९८८।०८)	(१८,३७७।६९)
नाफाको बाँडफाँड	(९३,०३३।८७)	-	-	-
समायोजन	-	-	-	-
लाभांश	-	-	-	(२७४,१९६)
वासलातमा सरेको संचित नाफा नोक्सान	(९४,०१७।६४)	(२७९,९८८।०८)	(१८,३७७।६९)	३१,८३०।२५

नोटः *आ.व. ०७८/७९ पौष मसान्तको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण हुन ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/०८१
कुल आयमा औषत बृद्धिदर	१००%	२६९.५८%	२.९२%
कुल खर्चमा औषत बृद्धिदर (ब्याज र ह्रास बाहेक)	३,७६७.०६	(१.०९%)	१.६६%
संचालन खर्च तथा कुल आम्दानी अनुपात	१०.७१%	१०.०६%	९.९४%
खुद मुनाफामा औषत बृद्धिदर	(४६८७%)	२४३%	२४%
आयकर व्यवस्था (प्रतिशतमा)	०.००%	०.००%	०.००%
प्रति शेयर आम्दानी (रु.)	(१०.२३)	१४.३१	१७.७५
शेयरमा प्रतिफल	(१०.२३%)	१४.३१%	१७.७५%
सम्पत्तिमा प्रतिफल	(२.५०%)	३.४७%	४.५१%
परियोजनाको जम्मा लागत (रु. हजारमा)	७,६५५,९४९,४८३	-	-
परियोजनाको प्रति मेगावाट लागत (रु. हजारमा)	२१२,६६५,२६३।४३	-	-
कुल वर्तमान मूल्य (NPV) (रु. हजारमा)	१,८७४,५२५.४५	-	-
आन्तरिक प्रतिफल दर (IRR)	१२.७४%	-	-
लगानी फिर्ता अवधि	७.५४	-	-
डिस्काउन्ट गरिएको लगानी फिर्ता अवधि	१४.१०	-	-

प्रक्षेपण गरिएको वित्तिय विवरणहरुको मुख्य अनुमान तथा आधारहरु देहाय बमाजिम रहेको छ :

१. आयोजना निर्माण : कम्पनीले आफ्नै स्रोत र साधान प्रयोग गरी आयोजनाको सिभिल निर्माण कार्य तथा व्यवस्थापकीय कार्य गर्दै रहेको छ भने अन्य कार्यको लागि ठेकेदार नियुक्त गरिएको छ ।
२. निरन्तरताको अवधारण : आयोजनाको विद्युत उत्पादन अनुमतीपत्रको शर्त अनुसार अनुमतीपत्र बहाल रहने अवधि पश्चात् आयोजना कम्पनीको स्वामित्वमा रहने छैन ।
३. संचालन, निर्माण तथा सम्पत्ति :
- आयोजनाको निर्माण कार्य र सो पश्चात्को परिक्षण प्रसारण समेत २०७८ फाल्गुण महिनाको २ गते सम्पन्न भई २०७८।११।१७ गतेदेखि व्यापारीक उत्पादन शुरु हुने अनुमान रहेकोछ । आयोजनाको निर्माणको लागि रु.७,६५५,९४९.०० हजार लागत लाग्ने संशोधित अनुमान रहेको छ । यस लागतमा माथि बुँदा १ मा उल्लेख भए अनुसार सिभिल निर्माणको लागि आवश्यक भई खरिद गरिएको निर्माण उपकरणहरु तथा आयोजनासंग सम्बन्धित भएको अन्य सम्पतीको लागत जम्मा रु.२४५,६४५.२२ हजार समावेश गरिएको छ । निर्माण लागतको श्रोतका लागि कर्जा प्राप्त हुने अनुमान रहेको छ ।
- नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता अनुसार व्यापारीक उत्पादन सुरु भए पश्चात् विद्युत बिक्रीबाट प्राप्त हुने रकममा वर्षको अन्तिम दुइ महिनाको बिल रकम बक्यौताको रुपमा रहने गरी प्रक्षेपण गरिएको छ ।

४. आम्दानी : आयोजनाले नेपाल विद्युत प्राधिकरणसंग भएको PPA अनुसार व्यापारीक उत्पादन शुरु हुने मितिबाट प्राधिकरणलाई PPA मा उल्लेख भएको परिमाण र दरमा विद्युत बिक्री गर्नेछ । PPA अनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति २०७६।५।२३ रहेकोमा २०७८।५।३१ मा मात्र व्यापारिक उत्पादन शुरु हुने अनुमान रहेका छ । आयोजनाको निर्माण कार्य विश्वभर फैलिएको कोभिड १९ महामारी तथा मनसुनको प्रतिकुल प्रभावको कारण ढिला भएकोले PPA अनुसार उक्त अवधिको लागी काबुबाहिरको परिस्थिति कायम गर्न अनुरोध गरेको र सो आधारमा आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति थप हुने अनुमान रहेको छ । यद्यपी आम्दानी प्रक्षेपण गर्दा PPA अनुसार प्राप्त हुने ८ वटा मध्ये ७ वटा मात्र मुल्य अभिवृद्धि प्राप्त हुने अनुमान गरिएको छ ।
माथि बुँदा १ मा उल्लेख भए अनुसार सिभिल निर्माणको लागि आवश्यक भई खरिद गरिएको निर्माण उपकरणहरु को निसर्गबाट प्राप्त हुन सक्ने आम्दानी तथा सो को बैकल्पीक प्रयोगबाट हुन सक्ने आम्दानी प्रक्षेपणमा समावेश गरिएको छैन ।

५. खर्च :
- रोयल्टी : संचालनको १५ वर्ष सम्म प्रतिकिलोवाट रु.१००/- र आम्दानीको २ प्रतिशत रोयल्टी खर्च हुने र सो पश्चात् रोयल्टी खर्च वृद्धि हुने अनुमान रहेको छ ।
- आयोजना संचालन व्यवस्थापन तथा प्रशासनीक खर्च : आयोजना संचालन व्यवस्थापन तथा प्रशासनीक खर्च वार्षिक तीन प्रतिशतको हाराहारीमा वृद्धि हुने अनुमान रहेको छ । यद्धपी आ.ब. २०७८।७९ मा निर्माण अवधिको खर्च पूँजीकरण हुने र दश महिनाको खर्च नाफा-नोक्सानमा हिसाबमा खर्च लेखांकन हुने अनुमान रहेको छ ।
- मर्मत खर्च : आयोजनाको मर्मत खर्च ३ देखि ५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।
- बिमा खर्च : आयोजना सम्बद्ध सम्पत्ति र अन्य स्थिर सम्पत्तिको किताबी मूल्य र आम्दानी समेतको नोक्सानीको लागि प्रति हजार रु.२.७५ का दरले बिमा खर्च अनुमान गरिएको छ । यस अनुमान अनुसार सम्पतीको किताबी मूल्य घट्दै जाने भएकाले बिमा खर्च समेत घट्ने अनुमान रहेको छ ।
- ह्रास खर्च : आयोजना संचालनका लागी आवश्यक जग्गा, निर्माण, लगायत पूँजीकरण गरिएको खर्च समेतको लागत आयोजनाको अनुमती पत्र अनुसारको अवधि भित्र खर्च लेख्ने गरी SLM विधि आनुसाार ह्रास कटि गरिएको छ । आयोजना निर्माणका लागी खरिद गरिएको उपकरण र अन्य स्वतन्त्र उपयोग गर्न सकिने सम्पत्तिमा WDV विधि आनुसार ह्रास कटि गरिएको छ ।
- ब्याज खर्च तथा सावाँ भुक्तानी : सहवित्तीयकरण बाट प्राप्त कर्जाको भुक्तानी तालीका व्यापारीक उत्पादन शुरु भएपश्चात् तयार गरिने भएकाले प्रक्षेपण गर्दा त्रैमासीक रुपमा सांवाको भुक्तानी गर्ने र क्रमिक रुपमा भुक्तानी रकम वृद्धि हुने अनुमान गरिएको । कर्जाको ब्याज ९ प्रतिशत तथा सम्झौता अनुसारको शुल्क समेत त्रैमासीक रुपमा भुक्तानी गर्ने अनुमान अनुसार प्रक्षेपण गरिएकोछ ।
- कर्मचारी बोनश : कर्मचारी बोनश खर्च २ प्रतिशत हुने अनुमान रहेको छ ।
- आयकर : आयोजनाको आयमा पहिलो १० वर्ष शत प्रतिशत कर छुट हुने, त्यसपछिको पाच वर्ष पचास प्रतिशत कर छुट हुन र त्यसपछिका वर्षमा २० प्रतिशत आयकर लाग्ने अनुमान रहेकोछ ।

माथि उल्लेख गरिए बमोजिम कम्पनीबाट तयार गरेको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ. व. २०७७/०७८ सम्मको लेखापरिक्षण भैसकेका वित्तिय विवरणहरु, नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, आयोजनाको लागि ऋण लिने सम्बन्धमा कर्मचारी संचय कोष, चिलिमे जलविद्युत कम्पनी तथा कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तिय तथा मौद्रिक स्थिति साथै निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री आभास एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठ्माण्डौका चार्टर्ड एकाउन्टेन्ट श्री आभास गौतमले प्रमाणित गर्नु भएको छ ।

विगत तथा आगामी तीन बर्षको नेटवर्थ र औषत प्रतिफल

(रु. हजारमा)

विवरण	वास्तवित			अपरिष्कृत आ.व.०७८/७९ पौष मसान्त	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८		आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
साधारण शेयर वापत पूँजी (रु.हजारमा)	१,१८२,१०९.६९	१,४६२,३७६.००	१,४६२,३७६.००	१,४६२,३७६.००	१,८२७,९७०.००	१,८२७,९७०.००	१,८२७,९७०.००
शेयर प्रिमियम (रु.हजारमा)	-	-	-	-	-	-	-
शेयर आवेदन रकम (रु.हजारमा)	१४८,६००.००	-	-	-	-	-	-
संचित नाफा-नोक्सान (रु.हजारमा)	(८३,२१५.४३)	(८८,९५८.५३)	(९३,०३३.८७)	(९४,०१७.६४)	(२७९,९८८.०८)	(१८,३७७.६९)	३१,८३०.२५
अपलेखन हुन बाँकी खर्च (रु.हजारमा)	-	-	-	-	-	-	-
खुद सम्पत्ति (नेटवर्थ) (रु.हजारमा)	१,२४७,४९४.२६	१,३७३,४१७.४७	१,३६९,३४२.१३	१,३६८,३५८.३६	१,५४७,९८१.८२	१,८०९,५९२.३१	१,८५९,८००.२५
शेयर संख्या (हजारमा)	१३,३०७.१०	१४,६२३.७६	१४,६२३.७६	१४,६२३.७६	१८,२७९.७०	१८,२७९.७०	१८,२७९.७०
प्रति शेयर नेटवर्थ (रु.)	९३.७५	९३.९२	९३.६४	९३.५७	८४.६८	९८.९९	१०१.७४
खुद नाफा नोक्सान (रु.हजारमा)	(६,२७४.४२)	(५,७४३.११)	(४,०७५.३४)	(९८३.७७)	(१८६,९४५.२१)	२६१,६१०.३९	३२४,४०३.४४
शेयर संख्या (हजारमा)	१३,३०७.१०	१४,६२३.७६	१४,६२३.७६	१४,६२३.७६	१८,२७९.७०	१८,२७९.७०	१८,२७९.७०
प्रति शेयर आम्दानी (रु.)	(०.४७)	(०.३९)	(०.२८)	(०.०७)	(१०.२३)	१४.३१	१७.७५
नेटवर्थमा औषत प्रतिफल (प्रतिशतमा)	(०.५०)	(०.४२)	(०.३०)	(०.०७)	(१२.०८)	१४.४६	१७.४४

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	आ.व. २०७५/२०७६	आ.व. २०७६/२०७७	आ.व. २०७७/२०७८	औसत प्रतिफलः (प्रतिशतमा)
नेटवर्थमा औषत प्रतिफल (प्रतिशतमा)	(०.५०)	(०.४२)	(०.३०)	(०.४१)

***द्रष्टव्यः** माथि उल्लेख गरिए बमोजिम कम्पनीबाट तयार गरेको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ.व. २०७७/०७८ सम्मको लेखापरीक्षण भैसकेका वित्तीय विवरणहरु, नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, आयोजनाको लागि ऋण लिने सम्बन्धमा सहवित्तीयकरण र कम्पनी बिच भएको त्रिपक्षिय सम्झौता, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तीय तथा मौद्रिक स्थिति साथै निष्कासन कम्पनीको हालको दक्षता र निष्कासन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री आभास एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठ्माण्डौका चार्टर्ड एकाउन्टेन्ट श्री आभास गौतमले प्रमाणित गर्नु भएको छ ।*

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** • आयोजना निर्माण चरणमा नै भएकोले निर्माण लागत बढ्न गई हुने वित्तीय जोखिम रहेको • आयोजना लागत बढ्न भएमा कम्पनीले थप वित्तीय श्रोतको व्यवस्था गर्नु पर्ने ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भए तापनि लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्यून रहेको ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** • यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने • नेपाल विद्युत प्रधिकरण पूर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ • हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम :** साविक ठेकेदारबाट सन्तोषजनक कार्य हुन नसकेको कारण कम्पनी आफैले आयोजना निर्माण गर्ने प्रक्रिया प्रारम्भ व्यवस्थापन गर्न समय लागेको, वर्षायाममा आयोजना क्षेत्रको पहुँच मार्गमा बाढी पहिरोको निर्माण कार्य प्रभावित भएकाले शुरु तय गरिएको निर्माण अवधि बढेको, डिजाइनमा सामान्य हेरफेर भएकाले लागत बढेको, कोरोना महामारीको कारणबाट निम्न बमोजिमको काबु बाहिरको परिस्थिति सृजना भई आयोजनाको निर्माण कार्य प्रभावित भएकोले आयोजनाको शुरु अनुमानित लागत बढेकोमा पछिल्लो अनुमान अनुसारको लागतमानै आयोजना निर्माण सम्पन्न हुने अनुमान रहेको ।

विश्वभर फैलिएको महामारी कोरोना (COVID 19) को कारणबाट यस माथिल्लो वलेफी-ए जलविद्युत आयोजना (३६ मे.वा.) को सन्दर्भमा निम्न परिस्थिती सृजना भई आयोजनाको कार्य प्रगती हुन नसकेकाले मिति २०७६/१२/०३ बाट काबु बाहिरको परिस्थिती सृजना भएको ।

सिर्जित परिस्थिती : (१) यस आयोजनाको HM/EM सम्बन्धित कार्यको लागी भारतीय आपूर्तीकर्तासँग सम्झौता भएको तर भारतमा कोरोना महामारीको कारण उद्योग संचालन, यातायात, जनसम्पर्क लगायत बन्द भई सिर्जना भएको परिस्थितीको कारण सामाग्री आपूर्ती हुन नसकेको र सो को कारण आयोजनाको HM/EM कार्य प्रगती हुन नसकेको (२) कोरोनाको महामारीको कारण चीनमा सिर्जित असहज परिस्थितीको कारणबाट चिनबाट सामाग्री तथा अपरेटर झिकाइ मर्मत सम्भार गुर्नुपर्ने यस आयोजनाको निर्माणको लागि प्रयोग हुँदै रहेका चिनमा निर्मित Boomer लगायतका उपकरणहरु तथा मेशिनरीको मर्मत हुन नसकी आयोजनाको सिभिल निर्माणको प्रगती हुन नसकेको (३) नेपाल सरकारको निर्देशन अनुरुप एक स्थानमा २५ जना भन्दा बढि भेला हुन नपाउने व्यवस्थाबाट आयोजनामा कार्यरत मजदुर तथा कर्मचारी जम्मा गरी काममा लगाउन नसकिएको (४) यस आयोजनाका लागी आपूर्तीकर्ताको उद्योगमा निर्माण भएको उपकरणको निरिक्षणका लागी भारत भ्रमण गर्न प्रतिबन्धित अवस्थामा निरिक्षण हुन नसकी आपूर्ती हुन नसकेको कारण निर्माण तालिका समेत प्रभावित भएको (५) यस आयोजनाको लागी निर्माण सामाग्री जस्तै रड, सिमेन्ट, फाईवर, इन्धन लगायतका सामाग्री आपूर्ती गर्न सम्झौता गरिएका आपूर्तीकर्ताहरुले कोरोना (COVID 19) को कारणबाट आफ्नो व्यवसाय संचालन नगरेबाट निर्माण सामाग्रीको अभावमा आयोजनाको कार्य प्रभावित भएको (६) विभिन्न सामाजिक संजाल तथा सञ्चार माध्यममा आएका कोरोना (COVID 19) सम्बन्धि पुष्ट/अपुष्ट सूचनाबाट आयोजनाका कर्मचारी तथा मजदुरहरुमा मानसिक त्रास पैदा भई आयोजना स्थल छाडी गएकोले तथा जनसम्पर्कमा समस्या भएको कारण ट्रान्समिसन लाइनको कार्य प्रभावित भएको छ (७) COVID 19 को त्रासको कारणबाट सिर्जित असहज परिस्थितीको कारण ढुवानीको व्यवस्था गर्न नसकिएकोले आयोजनाका लागि आयात गरिएको करिब रु.२०,००,००,०००/- (अक्षरुपी बिस करोड मात्र ।) बराबरको सामाग्री बिरगञ्ज भंसार बिन्दुबाट आयोजना स्थलसम्म ढुवानी गर्न नसकिएको (८) यस आयोजनाको लागि जापनिज प्रविधि अनुसार भारतमा उत्पादन हुने उपकरण जडान गर्ने जापनीज प्राविधिकसंग समन्वय गर्नु पर्ने भएकोमा कोरोना महामारको कारणबाट जापानमा सिर्जना भएको असहज परिस्थितीको कारण आवश्यक समन्वय हुन नसकेको कारण कार्य प्रगती हुन नसकेको (९) यस आयोजनाको लागि आवश्यक विष्फोटक पदार्थ आवश्यक परेको समयमा सहज रुपमा उपलब्ध हुन नसकेकाले टनेल निर्माण कार्यमा प्रगती हुन नसकेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :** आयोजनाको अनुमानित लागत तयार पारिएको समयभन्दा हाल विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत केहि बढको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखीम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तरराष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयरको मूल्यमा असर पर्न सक्ने । कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता, ऋण दिने संस्थाका कर्मचारीहरु, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुलाई निष्कासन गर्न लागिएको प्रस्तावित शेयर वितरण पछि सर्वसाधारणको लागि निष्कासन गरिने शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न नपाइने व्यवस्था रहेकोले सो तीन वर्षको लक इन समय (Lock in Period) अगावै आयोजना सम्पन्न हुने हुँदा हालको शेयर बजारमा प्रत्यक्ष रुपमा तत्काललाई कम असर पर्न जाने ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा यस्ता जोखीम रहने ।

(झ) **संचालन इतिहासको अभाव :** कम्पनीका संचालक तथा संस्थापकहरु विगत लामो समयदेखि यस प्रकारका आयोजना निर्माण तथा विद्युत उत्पादनमा संलग्न हुँदै आईरहेकोले संचालन ईतिहासको अभाव नहुने ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जाबाट वातावरणीय हानी कम हुने र यसको लागत अन्य उर्जाको भन्दा तुलनात्मक रुपमा कम हुने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत आयोजनाभन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखीम कम रहेको छ । तथापि भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखीम रहेको ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** आयोजनाको व्यापारिक उत्पादन सुरु हुने मिति २०७६ साल भादु २३ गते तोकिएको भएतापनि हाल आयोजना निर्माणाधिन अवस्थामा रहेको र कुनै कारणबस पूर्वाधार निर्माणमा ढिलाइ हुन गएमा आयोजना निर्माण अवधि तथा लागतमा केहि बृद्धि हुन सक्ने जोखीम रहेको ।

(ठ) **अन्य :** • दैवी प्रकोप, महामारी तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादन घट्न सक्ने • जलविद्युत आयोजना निर्माण गर्दा हुन सक्ने जोखिमहरु मध्ये भुकम्प, बाढी, पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणको लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको • जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने • आयोजनाको RCOD २०७६।५।२३ रहेकोमा कोरोना महामारी नियन्त्रणका लागि घोषणा गरिएको लकडाउन तथा महामारीको कारण सिर्जित परिस्थितिको कारण र हरेक बर्षायाममा बर्षा, बाढी र पहिरोको कारण आयोजनाको पहुँच मार्गमा हुने अवरोधको कारणले आयोजनाको कार्य प्रगती हुन नसकेकोले सोको लागि विद्युत खरिद बिक्रि सम्झौता अनुसार काबु बाहिरको परिस्थिति कायम गरिपाउन सम्बन्धित निकायमा अनुरोध गरिएकोमा बाहेक अन्य कुनै कारणले हाल कायम रहेको RCOD को म्याद थप नभएमा ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्युनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :
नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ; जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदि । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेका छन् । भुकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपबाट हुन सक्ने नोक्सानीलाई न्यूनीकरण गर्न हाल आयोजना निर्माणाधीन अवस्थामा सम्बन्धित संरचनाहरुका बिमा गरिएको र आयोजना निर्माण कार्य सम्पन्न भएपछि Loss of Profit (revenue) र Property All Risk Insurance बिमा गरिने छ ।

सि.नं.	बीमा कम्पनीको नाम	बीमाको प्रकार	बीमाङ्को रकम (रु.)	बीमा प्रिमियम (रु.)	बीमा अवधि	बीमाले समेट्ने जोखिमहरु
१	नेको इन्स्यूरेन्स कम्पनी लिमिटेड	Contractors All Risk Insurance for CIVIL works (Headworks, Tunnel, Power House all Civil Works) of the Project.	२,७७७,७२९,५७५।००	३,१३८,८६८.५८ १,८६२,६०६.१२ ५,८८५,३१४.५३ ५,८८५,३१४.५३	१७ अक्टोबर २०२० देखि ११ अप्रिल २०२२ सम्म	विभिन्न सामाग्रीहरुको अग्नी, भुकम्प जोखिम समुह, हुलदंगा,तथा हड्ताल, दोष पूर्ण कार्य तथा आतंकवाद, हुरी बतास, आँधीवेरी, बाढी तथा जलमग्न, पहिरो जोखिम तथा तेस्रो पक्षको बिरुद्ध बीमा सुरक्षण
२	प्रिमियर इन्स्यूरेन्स कम्पनी (नेपाल) लिमिटेड	Erection All Risk Insurance for EM Works of the Project.	८११,९०३,३७०।४०	२,८६१,०७०.२३ २,१८८,१२०.१८ २,१८८,१२०.१८	२९ डिसेम्बर २०२० देखि ३१ मार्च २०२२ सम्म	विभिन्न सामाग्रीहरुको अग्नी, भुकम्प जोखिम समुह, हुलदंगा,तथा हड्ताल, दोष पूर्ण कार्य तथा आतंकवाद, हुरी बतास, आँधीवेरी, बाढी तथा जलमग्न, पहिरो जोखिम तथा तेस्रो पक्षको बिरुद्ध बीमा सुरक्षण
३	लुम्बिनी जेनेरल इन्स्यूरेन्स कम्पनी लिमिटेड	Erection All Risk Insurance for HM Works of the Project.	४११,६८४,०७५।४८	७८९,६८४.०२ ८९२,६६२.७१	२४ फेब्रुवरी २०२१ देखि २८ फेब्रुवरी २०२२ सम्म	विभिन्न सामाग्रीहरुको अग्नी, भुकम्प जोखिम समुह, हुलदंगा,तथा हड्ताल, दोष पूर्ण कार्य तथा आतंकवाद, हुरी बतास, आँधीवेरी, बाढी तथा जलमग्न, पहिरो जोखिम तथा तेस्रो पक्षको बिरुद्ध बीमा सुरक्षण

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको हुँदा लाभांशको दर बढी रहेको ।
(२) कम्पनी तथा आयोजना व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको कार्य समयमै सम्पन्न गर्न सफल हुने अपेक्षा गरिएको ।
(३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१६. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण (स्थानीय तथा सर्वसाधारण) शेयर संख्या भन्दा अत्याधिक माग भई दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र वोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
(१) शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ (२) बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ (३) बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ (४) उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ (५) शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिइनेछ (६) शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ (७) कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतिकर्ता वीच भएको प्रत्याभुत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभुतकर्ताले खरिद गर्नेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**
आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी IPS मार्फत निजहरुले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा रकमान्तरण गरिने व्यवस्था रहेको छ । सर्वसाधारणको हकमा शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**
निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

(छ) **विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार सर्वसाधारणहरुमा निष्कासन गरी बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएससी एण्ड क्लियरिङ्ग लि.मा दर्ता गरी एकैसाथ खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

(ज) निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्ने आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । तर उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा उक्त सेवा लागू हुने छैन ।
४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।
६. धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
७. शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउं, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको रजिष्टर्ड कार्यालय वाग्मती अञ्चल, काठमाण्डौं जिल्ला, वडा नं. १२, टेकू, काठमाण्डौ तथा शेयर निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लि., वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ ।
२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,८२,७९,७०,०००/- (अक्षरेपी एक अर्ब बयासी करोड उनानअसी लाख सत्तरी हजार मात्र) को १०% अर्थात रु.१८,२७,९७,०००/- (अक्षेरेपी अठार करोड सत्ताइस लाख सन्तानब्बे हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १८,२७,९७० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुमा तथा जारी पूँजीको १०% अर्थात रु.१८,२७,९७,०००/- (अक्षेरेपी अठार करोड सत्ताइस लाख सन्तानब्बे हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १८,२७,९७० कित्ता सर्वसाधारणमा सार्वजनिक निष्काशन भए पश्चात् उक्त प्राप्त हुने जम्मा रकम रु.३६,५५,९४,०००/- (अक्षरुपी छत्तिस करोड पच्पन्न लाख चौरानब्बे हजार मात्र ।) देहाय बमोजिमका कार्यहरुमा उपयोग गरिनेछ ।

सि.नं.	रकम रु.	विवरण
१.	३६,००,००,०००/-	स्थानिय बासिन्दाहरु र सर्वसाधारणलाई शेयर निष्काशन गरे पश्चात् प्राप्त रु.३६,५५,९४,०००/- मध्ये रकम रु.३६,००,००,०००/- रुपैयाँ ग्लोबल आइएमई बैंकमा रहेको Bridge Gap Loan Against IPO तिर्न प्रयोग गरिने ।
२.	५५,९४,०००/-	Bridge Gap Loan Against IPO को ब्याज भुक्तानीमा प्रयोग गरिनेछ ।
जम्मा	३६,५५,९४,०००/-	

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

सि.नं.	विवरणपत्र पाइने स्थानहरुः
१.	श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, वडा नं.१, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं ।
२.	बलेफी हाईड्रोपावर लिमिटेड, वडा नं. १२, टेकु, काठमाडौं ।

साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.globalimecapital.com निष्कासनकर्ता कम्पनीको वेभसाइट www.balephihydro.com वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२१. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकहरुको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री ग्लोबल आइएमइ बैंक लिमिटेड, काठमाण्डौ	GICL-BTI Balephi Hydropower IPO	०१०१०१०००७८३१
२.	श्री कुमारी बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	GICL-BTI BalephiHydropower IPO	००१००१७१४६००००३५
३.	श्री नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., डिल्लीबजार, काठमाण्डौ	GICL-BTI Balephi Hydropower IPO	१४५०००००६५१०१
४.	श्री लक्ष्मी बैंक लिमिटेड, हात्तीसार, काठमाण्डौ	GICL-BTI Balephi Hydropower IPO	००५१११५८१८६

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले वढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।
१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री अस्मिता अधिकारी - फोन नं. ०१-५९०५००३, तथा इमेलः info.balephi@gmail.com
२. निष्कासन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. ४५४५६४९ तथा इमेलः info@gicl.com.np

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com